आज मिति २०८२ साल भाद्र २ गते सोमबारका दिन नौमूले गाउँपालिकाका अध्यक्ष श्री छविराम सुवेदीज्यूको अध्यक्षतामा नौमूले गाउँकार्यपालिकाको कार्यालय भवनमा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपसिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरियो ।

| सि.नं | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छविराम सुवेदी | अध्यक्ष | |
| २ | श्री गंग बहादुर शाही | उपाध्यक्ष | |
| ३ | श्री रुपेश कुमार थापा मगर | सदस्य(वडा नं. १ वडा अध्यक्ष) | |
| ४ | श्री दुर्ग प्रसाद शर्मा | सदस्य(वडा नं. २ वडाब अध्यक्ष) | |
| ५ | श्री नर बहादुर पुरी | सदस्य(वडा नं. ३ वडा अध्यक्ष) | |
| ६ | श्री चन्द्रलाल बस्नेत | सदस्य(वडा नं. ४ वडा अध्यक्ष) | |
| ७ | श्री कृष्ण बहादुर सलामी | सदस्य(वडा नं. ५ वडा अध्यक्ष) | |
| ८ | श्री लाल बहादुर चन्द | सदस्य(वडा नं. ६ वडा अध्यक्ष) | |
| ९ | श्री टेक बहादुर सिजाली मगर | सदस्य(वडा नं. ७ वडा अध्यक्ष) | |
| १० | श्री दिपक बहादुर हमाल | सदस्य(वडा नं. ८ वडा अध्यक्ष) | |
| ११ | श्री रन बहादुर सुनार | सदस्य | |
| १२ | श्री भिम बहादुर बि.क. | सदस्य | |
| १३ | श्री देवी सिंह(शाही) | सदस्य | |
| १४ | श्री कला नेपाली | सदस्य | |
| १५ | श्री करिमा सुनार | सदस्य | |
| १६ | श्री शिपकला बस्नेत | सदस्य | |
| १७ | श्री दमन दाहाल | सदस्य सचिव(प्र.प्र.अ.) | |
| आमन्त्रित/सहयोगी कर्मचारीहरु | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख
कर्णाली प्रदेश, नेपाल

## नौमूले गाउँकार्यपालिकाका बैठकको निर्णय

बैठक मितिः- २०८२/०५/०२ समयः- बिहान ८:०० बजे

स्थानः- नौमूले गाँउकार्यपालिकाको कार्यालय बैठक संख्याः- २/२०८१/०८२

गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावमा छलफल गरी देहाय बमोजिमको निर्णय गरिएको छ ।

**निर्णयहरुः-**

**निर्णय नं. १**

चालू आ.व २०८२/०८३ को बजेट कार्यान्वयनका सम्बन्धमा आवश्यक पर्ने प्रकृया पुराई यथाशिघ्र भाद्र मसान्तभित्र पुरा गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २**

यस नौमूले गाउँपालिकाको कार्यालय वा अन्तर्गत रहेका कार्यालयमा कार्यरत करार र ज्यालादारी कर्मचारीको सन्दर्भमा स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) ऐन, २०८१ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को विभिन्न प्रावधान तथा उक्त ऐनको दफा ९(१२) बमोजिमका पदहरुको मात्र र नेपाल सरकार, प्रदेश सरकार र पालिकाबाट साझेदारीका विभिन्न कार्यक्रम अन्तर्गत स्रोत सुनिश्चित भएका र कार्यालयमा रहेका एम्बुलेन्स, ट्याक्टर, डोजर व्यवस्थापन गर्न ऐनको दफा ९(१२) बमोजिमको पदमा कार्यालयमा कार्यरत रहेका देव बहादुर थापा समेतको म्याद थप गर्ने निर्णय गरियो । साथै विगत् जि.वि.स. र गा.वि.स.बाट गाउँपालिकामा हस्तान्तरण भएका कर्मचारीहरु (प्रशासन सहायक)को सन्दर्भमा हाललाई सोहि ऐनको दफा ९(१२) मा उल्लेखित पदहरुमा व्यवस्थापन गरी गाउँपालिकाको आवश्यकता बमोजिम करार म्याद थप गर्ने र पालिकाको स्वीकृत दरबन्दीमा रहेका करार कर्मचारी (प्राविधिक)हरुको हकमा प्रचलित कानून बमोजिमको प्रक्रिया पुराएर मात्र हाल कार्यरत करार कर्मचारी (प्राविधिक)हरुको म्याद थप गर्ने निर्णय गरियो । पञ्जिकरण शाखा अन्तर्गतका २ जना फिल्ड सहायक पदमा कार्यरत कर्मचारीहरुलाई संघीय बजेट र पालिकाको साझेदारी रकमको अधिनमै रहि कार्यसम्पादन सम्झौता गर्ने निर्णय गरियो । OVOT अन्तर्गत रहेका करार कर्मचारीहरुको लागि संघीय सरकारद्वारा प्राप्त रकम बराबर नै पालिकाले साझेदारी गरी सोही रकमको परिधि भित्र रहि करार कर्मचारीहरुको म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

सामुदायिक स्वास्थ्य ईकाई र आधारभुत स्वास्थ्य केन्द्र, पैतीमा आवश्यक कर्मचारीहरु पालिकाको स्वास्थ्य शाखा र प्रशासन शाखाले सेवा प्रवाहलाई प्रभावकारी हुने गरी व्यवस्थापन गर्ने निर्णय गरीयो ।

निर्णय नं.४

नौमुले गाउँपालिका अन्तर्गत रहेका विभिन्न हाइड्रो पावर कम्पनी (अपर लोहोरे, डोल्ती र मुगील इनर्जी)हरुले स्थानीय सरोकारवालासँग विगतमा पटक पटक भएका सम्झौता कार्यान्वयन नभएको गुनासो आएको हुँदा कार्यान्वयन हुन बाँकी शर्त नियमानुसार तत्काल कार्यान्वयन गर्न गराउन उक्त हाइड्रो पावरहरुलाई निर्देशन दिने निर्णय गरियो । साथै कुल निर्माण र आयोजनाको पहिचान खुल्ने गरी होर्डिङ्ग बोर्डहरु समेत आयोजना स्थलमा राख्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.५

यस वर्षका दशै लगायतका चाडपर्व चाँडैनै भएको तथा विभिन्न वडाको वडा सदरमुकाम तथा वडाका बस्तिहरुमा जाने बाटोहरु सफाई गर्नका लागि वडामा पर्याप्त बजेट नभएको, पालिकाबाट खरिद गर्ने मेसिन खरिद प्रक्रियामा ढिलाई भएको हुँदा हाल सबै वडा बाट माग भई आए बमोजिम सडक सरसफाईमा अपुग हुने रकम गाउँपालिकाबाटनै सुनिश्चित गरी गत आ.व.२०८१/०८२ मा गाउँपालिकाले सुचना प्रकाशित गरी गरेको सडक सरसरफाईको दररेटलाई आधार मानि काम गर्ने गराउने निर्णय गरियो ।